# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

२०७३

प्रदेश नं. १, नेपाल

**ल्यापटप, डेक्सटप कप्युटर, प्रिन्टर आदि आपूर्ति गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(दोस्रो प्रथम पटक प्रकाशित मितिः२०७८।०७।१२)**

बेलका नगरपालिका रामपुर, उदयपुरका लागि आवश्यक ल्यापटप, डेक्सटप कप्युटर, प्रिन्टर आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फाराम मिति २०७८ कार्तिक २६ गते कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व. २०७७/२०७८ को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी) पेश गरी यस कार्यालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ।

| दरभाउपत्र/ठेक्का नम्बर | मालसामानको विवरण | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|
| 04/BELAKA/SQ/GO/2078-079 | ल्यापटप, डेक्सटप कप्युटर, प्रिन्टर आपूर्ति | १,०००।०० | २०,०००।०० |

२. दरभाउपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत वा कार्यालयको, कुमारी बैंक, शाखा कार्यालय बेलकामा रहेको System Account Name **Belaka Na. Pa- Dharauti Khata GA-3** खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरेको सक्कलै भौचर संलग्न हुनु पर्नेछ। बोलपत्र जमानतको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (Validity Period) भएको हुनु पर्नेछ।

३. दरभाउपत्र फाराम मिति २०७८ कार्तिक २८ गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा शिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ।

४. दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु मिति २०७८ कार्तिक २८ गते दिन दिनको १.०० बजे कार्यालयमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ।

५. दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले शिलबन्दी दरभाउपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ। (क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७७।७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपी (ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र।(च) उत्पादक/निर्माताले सम्बन्धित फर्म/संस्था/कम्पनीलाई आधिकारिक रुपमा सामान बिक्री बितरण गर्ने प्रयोजनका लागि प्रदान गरेको Distributor/Reseller पत्रको प्रमाणित प्रतिलिपी।

६. दरभाउपत्र फाराम बुझाउँदा शिलवन्दी गरी खामको बाहिर कार्यालयको नाम ठेगाना, दरभाउपत्र/ठेक्का नम्बर स्पष्टसंग उल्लेख गर्नु पर्नेछ।

७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, दरभाउपत्र सम्बन्धी कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र कार्यालयको ईमेल belakamun@gmail.com वा ९८४२४१२०४६ मा सम्पर्क राख्न सकिनेछ।

अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 9852835383, 9852829019, 9852835479